आज मिति २०८० साल पौष ४ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृबिन्द्र कुमार चौलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | श्री बालकृष्ण दाहाल | बरिष्ठ लेखा अधिकृत | |
| २ | श्री सल बहादुर पाण्डे | शिक्षा अधिकृत आठौं | |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
३. बलेफी प्रहरी चौकीलाई सवारी साधन हस्तान्तरण सम्बन्धमा ।
४. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्बन्धमा ।
५. अध्ययन बिदा स्वीकृत सम्बन्धमा ।
६. विद्यालय समायोजन एकीकरण तथा दरबन्दी मिलान सम्बन्धमा ।
७. कृषि तथा पशु विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० सम्बन्धमा ।
८. चौधौं गाउँसभा सम्बन्धमा ।
९. उपाध्यक्षज्यूको भारत भ्रमण सम्बन्धमा ।
१०. सडक बत्तीको विद्युत महसुल भुक्तानी सम्बन्धमा ।
११. विविध सम्बन्धमा ।

निर्णयहरु:

१. अघिल्लो बैठकमा गरिएका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको पाइयो ।
२. यस गाउँपालिकाबाट आ.व. २०८०।०८१ को प्रथम चौमासिकमा सम्पादन भएका कार्यहरुको सम्बन्धमा सरोकारवालाहरुको उपस्थितिमा मिति २०८०।०९।२० गते दिनको ११.०० बजे वडा नं. ४ बिन्जेलमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो।
३. यस बलेफी गाउँपालिकाको नाममा दर्ता कायम रहेको र हाल बलेफी प्रहरी चौकीले प्रयोग गरिरहेको बा २ ब ८४०५ नम्बरको बजाज १५० सि. सि पल्सर मोटरसाईकल बलेफी प्रहरी चौकीलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।
४. बलेफी गाउंपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको तयारी व्यवस्थापनका लागि प्रत्येक सहभागी विद्यालयलाई रु. २०,०००/- का दरले जम्मा रु. २,२०,०००/- प्रदान गर्ने । उक्त रकम मध्ये रु. १,००,०००/- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता जिल्लास्तरीय शीर्षकबाट र रु. १,२०,०००/- पालिकास्तरीय खेलकूद क्षेत्रको विकास...शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
५. यस बलेफी गाउंपालिका वडा नं. १ स्थित जलबिरे प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत ज. स्वा. नि. छठौं श्री शिब शंकर मण्डल (क.सं.नं.२१७४४५) ले अध्ययन बिदा पाउँ भनि यस कार्यालयमा पेश गरेको निवेदन बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ५९ (२) बमोजिम अध्ययन अवधि ४ (चार) वर्षका लागि ऐ. ऐनको दफा ६३ (क) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

६. बलेफी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय समायोजन एकीकरण तथा दरबन्दी मिलानका लागि यसै साथ संलग्न मापदण्डहरु अवलम्बन गरी गर्ने निर्णय गरियो ।

७. बलेफी गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

८. यस बलेफि गाउँपालिकाको चौधौं गाउँसभा मिति २०८०।०९।२६ गते गर्ने निर्णय गरियो ।

९. भारतको Jaigaon -I Gram Panchayt को निमन्त्रणामा यस गाउँपालिकाको उपाध्यक्ष ज्यूको मिति 24 December -31 December,2023 सम्म हुने भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

१०. नेपाल विद्युत प्राधिकरण, सिन्धुपाल्चोक वितरण केन्द्रको च.नं. १८७, मिति २०८०।०८।०६ को सडकबत्ती महसुल बापतको बक्यौता भूक्तानी गर्न पुनः ताकेता सम्बन्धमा प्राप्त पत्रमा उल्लिखित स्थानहरुमा सडक बत्ती जडान भए नभएको, हाल बत्ती चालु अवस्थामा रहे नरहेको, सडकबत्ती जडान गर्दा यस पालिकासँग सम्झौता भए नभएको, उक्त स्थानहरुमा सडकबत्तीको आवश्यकता रहे नरहेको, हालसम्म महसुल बक्यौता रहनुको कारण लगायतका विषयमा नेपाल विद्युत प्राधिकरणसँग समेत छलफल गरी गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको छानविन तथा अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

श्री यादव ठकुरी -संयोजक

श्री रमेश कुमार श्रेष्ठ -सदस्य

श्री सुकुलाल तामाङ -सदस्य सचिव

११. विविध

क. बलेफी गाउँपालिका वडा नं. १ मा पूर्वाधार विकास कार्यालय चौताराबाट कार्यान्वयन हुने लप्से खोला कात्तिके र फुल्पिङकोट जोड्ने झोलुङ्गे पुल योजनाको नाम संशोधन गरी बोक्से खोला कात्तिके र फुल्पिङकोट जोड्ने झोलुङ्गे पुल कायम गरीदिन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

ख. यस बलेफी गाउँपालिका वडा नं. १ मा रहेको जलबिरे प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत रही हाल अध्ययन बिदामा रहनुभएका अ.न.मी श्री सम्झना श्रेष्ठको स्थानमा उहाँ हाजिर नभएसम्मका लागि एक जना अ.न.मी (चौथो तह) करार सेवामा भर्ना गर्ने निर्णय गरियो ।

ग. यस बलेफी गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको गत आ.व.को बाँकी अतिरिक्त (नाईट) भत्ता बापतको रकम भुक्तानी गर्ने र जलबिरे प्राथमिक स्वास्थ्य केन्द्रमा इमरजेन्सी सेवा संचालनको सम्बन्धमा आगामी बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

घ. बलेफी गाउँपालिका १ नं. वडा कार्यालयको सिफारिस बमोजिमको कृषि तथा पशु सेवा कार्यालय भवनको खानेपानी. पेटी तथा ट्वाईलेट मर्मत कार्य गरेका रेशम बहादुर भुजेललाई बिल भर्पाई बमोजिमको रकम रु. ४६,३४०/- भुक्तानी दिने निर्णय गरियो।

ङ. बलेफी गाउँपालिका वडा नं ७ को खाडीचौरबाट स्वास्थ्य सेवा प्रदान गर्न सोही वडा कार्यालयले स्वास्थ्यकर्मी तथा समाग्री व्यवस्थापन गरी सेवा संचालन गर्ने निर्णय गरियो।

च. नेपाल तामाङ कलाकार संघको आयोजनामा सम्पन्न भएको तेस्रो तामाङ मौलिक सेलो संगीत महोत्सव लाई रु. ५०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

छ. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना युवारुप र कामका लागि पारिश्रमिकमा आधारित आयोजनाका लागि स्थानीय निर्देशक समितिले सिफारिस गरेबमोजिम यसै साथ संलग्न योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

ज. मनसुनजन्य निजी आवास पुनः निर्माण कार्यक्रम अन्तर्गत यस बलेफी गाउँपालिकाले व्यहोर्ने स्थानीय तहको लागत सहभागिता वापतको दश प्रतिशतले हुन आउने रकम देहायका लाभग्राहीहरुका लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरि जम्मा गर्ने निर्णय गरियो ।

- बद्री कुमार श्रेष्ठ - बलेफी ८ - रु. २५,०००/-
- मनिषा श्रेष्ठ - बलेफी ८ - रु. २५,०००/-
- कृष्णराम तिमल्सिना - बलेफी ७ - रु. २०,०००/-
- राजकुमार दर्जी - बलेफी ७ - रु. २०,०००/-